# देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विनियोजन विद्येयक, २०८३

**प्रस्तावना :**

देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २२९ को उपधारा (२) बमोजिम देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को नगर सभामा यो विद्येयक पेश गरिएको छ।

**संक्षिप्त नाम र प्रारम्भ :**

१) यस ऐनको नाम **"देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विनियोजन विद्येयक, २०८३"** रहेको छ। यो ऐन २०८३ साउन १ गते बाट लागु हुनेछ।

२) **आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**
आर्थिक वर्ष २०८३/०८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम कुल रु **९७,९३,५३,००४।- (सन्तानब्बे करोड त्रिनाब्बे लाख त्रिपन्न हजार चार मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।**

**विनियोजन :** (१) यस ऐन द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त देवचुली नगरपालिका, नवलपुरको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ। यस ऐन द्वारा संचित कोषबाट खर्च गर्न प्रपेक्षित आयको व्यय विवरण अनुसुचि १ र राजस्व तथा अनुदान प्राप्ति रकमको विवरण अनुसुचि २ मा राखिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।